सत्यवती गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
जौहाङ, गुल्मी
लुम्बिनी प्रदेश, नेपाल

प. सं.: २०८२/०८३

च. नं.:

मिति२०८३/०२/१९

सूचना !    सूचना!!    सूचना!!!

यस सत्यवती गाउँपालिका उद्योग विकास शाखाको आयोजनामा आर्थिक वर्ष २०८२/०८३ को उद्योग विकास शाखाको स्वीकृत कार्यक्रम बमोजिम **"गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम""नयाँ लघु उद्यमी सृजना"** तर्फको सिप विकास तालिम अन्तर्गत लक्षित समूह (अति विपन्न वर्ग, पिछडिएका महिला, दलित, आदिवासी जनजातीहरु, दुर्गम तथा सेवाको पहुँच कम पुगेका, बैदेशिक रोजगारी बाट फर्किएका) र अलैंची खेती गरिरहेका कृषकहरुलाई नि:शुल्क **"अलैंची प्रवर्द्धन तालिम"** र सो तालिम लिएकाहरुलाई **"अलैंची विरुवा वितरण कार्यक्रम"** तपसिलको स्थानमा सञ्चालन हुने भएकोले सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

उक्त तालिम सत्यवती गाउँपालिका वडा नं. ३, मा सञ्चालन हुने तथा तालिम अवधि ५ (पाच) दिनको रहनेछ । तालिममा ३० (तीस) जना सहभागी रहने व्यवस्था गरिएको हुँदा तालिममा सहभागी हुन इच्छुक व्यक्तिहरूले सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र वडा नं. ३, वडा कार्यालय वा सत्यवती गाउँपालिका उद्योग विकास शाखामा आवेदन पेश गर्नुहुन सम्बन्धित सबैका लागि यो सूचना प्रकाशित गरिन्छ ।

**आवश्यक कागजात:**

१. निवेदन

२. निवेदकको नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपी ।

३. वडा कार्यालयको सिफारिस पत्र

नोट: आवश्यक जानकारीका लागि ९८४८४७९३२४ मा सम्पर्क गर्नुहोला ।

( अन्य वडाका ईच्छुक कृषकहरुले समेत आवेदन दिन सक्नुहुनेछ ।)

(तालिम सञ्चालन हुने मिति अर्को सूचनामा राखिनेछ ।)

हरि प्रसाद पौडेल
प्रमुख प्रशासकीय अधिकृत